राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३३४ २०८३ असार २० गते शनिवार (04 July 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## 'जनसंख्याअनुसार बजेट नपाउँदा मधेशको स्वास्थ्य सेवा प्रभावित'




दैनिक समाचारदाता

जनकपुरधाम १९ असार । मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री नागेन्द्र साहले स्वास्थ्य क्षेत्रको सुधार सरकारको मात्र जिम्मेवारी नभई नागरिक समाज, सञ्चारमाध्यम तथा सरोकारवाला सबै पक्षको साझा दायित्व भएको बताएका छन् । उनले प्रदेशका अस्पताललाई गुणस्तरीय बनाउने, स्वास्थ्य सेवाको प्रभावकारी निगरानी गर्ने तथा स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यमा सबै पक्षले सक्रिय भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए ।

शुक्रबार स्वास्थ्य निर्देशनालय, मधेश प्रदेशद्वारा आयोजित 'स्वास्थ्य प्रवर्द्धनसम्बन्धी मिडियाकर्मीका लागि सञ्चार तथा पैरवी कार्यक्रम' लाई सम्बोधन गर्दै मन्त्री साहले सञ्चारमाध्यमले स्वास्थ्य क्षेत्रका सकारात्मक पक्षलाई उजागर गर्नुका साथै जनस्वास्थ्यसँग सम्बन्धित विषयमा सचेतनामूलक भूमिका निर्वाह गर्नुपर्ने बताए ।

उनले भने, "अस्पताललाई स्तरीय बनाउने र त्यसको प्रभावकारी निगरानी गर्ने दायित्व सरकारसँगै हामी सबैको हो । स्वास्थ्यसम्बन्धी जनचेतना विस्तार, स्वास्थ्य प्रवर्द्धन तथा सेवा गुणस्तर सुधारका विषयमा सञ्चारकर्मीले सकारात्मक र जिम्मेवार कलम चलाइदिनुपर्छ । म स्वास्थ्य क्षेत्रको प्राविधिक पक्षमा धेरै जानकार नहुन सक्छु, तर स्वास्थ्य सेवामा लापरवाही गर्ने वा जनस्वास्थ्यसँग खेलवाड गर्नेलाई कुनै पनि हालतमा उन्मुक्ति दिइने छैन ।"

मन्त्री साहले आफूले मन्त्रालयको जिम्मेवारी सम्हाल्नुअघि स्वास्थ्य क्षेत्रमा कति बजेट विनियोजन भएको भन्नेबारे विस्तृत जानकारी नभए पनि चालु आर्थिक वर्षमा प्रदेश सरकारले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्दै सन्तोषजनक बजेट छुट्याएको बताए । उक्त बजेटको प्रभावकारी कार्यान्वयनमार्फत स्वास्थ्य सेवा थप सुदृढ बनाइने उनको विश्वास थियो ।

सञ्चार क्षेत्रका समस्याप्रति पनि मन्त्री साहले ध्यानाकर्षण गराउँदै संघीय सरकारले सार्वजनिक सूचना तथा टेन्डरलगायतका विज्ञापन प्रकाशनमा लगाएको रोक हटाउन आफूले नीतिगत रूपमा प्रदेश सभामार्फत आवाज उठाउने प्रतिबद्धता व्यक्त गरे । उनले सञ्चारमाध्यमलाई लोकतन्त्रको ऐना भन्दै यसको सुदृढीकरण राज्यको पनि दायित्व भएको उल्लेख गरे ।

"सञ्चार क्षेत्र बलियो भए मात्र लोकतन्त्र बलियो हुन्छ । त्यसैले सञ्चारमाध्यमको संस्थागत विकास र आर्थिक सबलीकरणका लागि आवश्यक पहल गरिनुपर्छ," उनले भने ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोद यादवले मधेश प्रदेशको जनसंख्या देशकै सबैभन्दा बढी भए पनि सोही अनुपातमा स्वास्थ्य क्षेत्रमा सरकारी लगानी हुन नसकेको बताए । उनले जनसंख्याको चापअनुसार स्वास्थ्य पूर्वाधार, जनशक्ति र बजेटको व्यवस्था हुन नसक्दा अपेक्षित स्तरको स्वास्थ्य सेवा प्रदान गर्न कठिनाइ भइरहेको स्वीकार गरे ।

"मधेश प्रदेशमा जनसंख्या धेरै छ, तर त्यसअनुसार बजेट र स्रोतसाधन उपलब्ध छैन । यही कारण स्वास्थ्य सेवामा अझै धेरै सुधार गर्नुपर्ने अवस्था छ," उनले भने ।

डा. यादवले प्रदेशका अधिकांश अस्पतालमा अत्यावश्यक औषधिको अभाव देखिनु गम्भीर समस्या भएको उल्लेख गर्दै सार्वजनिक खरिद

*बाँकी पृष्ठ ४मा*

## कारागारमा गोली चल्दा प्रहरी जवान घाइते




दैनिक समाचारदाता

सप्तरी, १९ असार । राजविराजस्थित कारागार कार्यालयमा ड्युटीका क्रममा एसएलआर राइफलबाट अचानक गोली चल्दा एक प्रहरी जवान घाइते भएका छन्। घटनामा संलग्न प्रहरी जवानलाई नियन्त्रणमा लिएर घटनाबारे अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयका अनुसार बुधबार राति राजविराज नगरपालिका-६ स्थित कारागार कार्यालयको 'ए' ब्लकअन्तर्गत पोस्ट नम्बर-३ मा ड्युटीमा रहेका नेपाल प्रहरी विशेष सुरक्षा गण, ढल्केबर (धनुषा) दरबन्दीका २२ वर्षीय प्रहरी जवान बिसोजित राय घाइते भएका हुन्।

राति १० बजेदेखि बिहान २ बजेसम्मको ड्युटीका क्रममा शौचालयबाट आफ्नो पोस्टतर्फ फर्किरहेका बेला पोस्ट नम्बर-४ मा ड्युटीमा रहेका २२ वर्षीय प्रहरी जवान अजयकुमार महतोले बोकेको एसएलआर राइफलबाट अचानक एक राउन्ड गोली चलेको प्रहरीले जनाएको छ।

गोली रायको कम्मरमाथिको ढाडमा लागेको थियो। घाइते रायलाई तत्काल उपचारका लागि गजेन्द्रनारायण सिंह अस्पताल, राजविराज लगिएको थियो। त्यहाँ प्राथमिक उपचारपछि थप उपचारका लागि सुनसरीको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रेफर गरिएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले घटनाको पुष्टि गर्दै घटनापछि प्रहरी जवान महतोलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान सुरु गरिएको जानकारी दिए। उनका अनुसार घाइते प्रहरी जवान रायको स्वास्थ्य अवस्था हाल सामान्य रहेको छ। प्रहरीले गोली किन र कसरी चल्यो भन्ने विषयमा विस्तृत अनुसन्धान गरिरहेको जनाएको छ।

## मापदण्ड उल्लंघन गर्ने चार होटल जरिवानामा



दैनिक समाचारदाता

जनकपुरधाम, १९ असार । मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको नेतृत्वमा बिहीबार धनुषाका विभिन्न होटल तथा रेष्टुरेन्टमा गरिएको अनुगमनका क्रममा खाद्य स्वच्छता तथा उपभोक्ता हितसम्बन्धी मापदण्ड उल्लंघन गर्ने चार होटललाई कुल १ लाख ५० हजार रुपैयाँ जरिवाना गरिएको छ।


उपभोक्ताले स्वच्छ, सुरक्षित तथा गुणस्तरीय खाद्य सेवा पाउनुपर्ने उद्देश्यले सञ्चालन गरिएको अनुगमनमा जिल्लाका १० वटा होटल तथा रेष्टुरेन्टको खाद्य स्वच्छता, सरसफाइ, सेवा प्रवाह, खाद्य पदार्थको गुणस्तर तथा उपभोक्ता संरक्षणसम्बन्धी मापदण्डको निरीक्षण गरिएको थियो।

अनुगमनका क्रममा लक्ष्मीनियास्थित 'बाबाको ढाबा' लाई ३५ हजार रुपैयाँ, ढल्केबरस्थित 'द रोयाल सम्राट' लाई ५ हजार रुपैयाँ, जनकपुरधामस्थित 'बाजेको सेकुवा' लाई ७५ हजार रुपैयाँ तथा 'बर्गर हाउस' लाई ३५ हजार रुपैयाँ जरिवाना गरिएको मन्त्री महतोले जानकारी दिए। चारवटै होटलबाट कुल १ लाख ५० हजार रुपैयाँ राजस्व असुल गरिएको उनले बताए।


निरीक्षणका क्रममा केही होटलमा सरसफाइको अभाव, खाद्य पदार्थको भण्डारणमा लापरबाही, म्याद नाघेका सामग्रीको उचित व्यवस्थापनमा कमजोरी तथा उपभोक्ता संरक्षणसम्बन्धी मापदण्डको पूर्ण पालना नभएको पाइएको थियो। यस्ता कमजोरी तत्काल सुधार गर्न सम्बन्धित व्यवसायीलाई निर्देशन दिइएको छ भने अन्य होटल तथा रेष्टुरेन्ट सञ्चालकलाई पनि आवश्यक सचेत गराइएको छ।

*बाँकी पृष्ठ ४मा*

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्पिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

# घट्यो गीतसंगीत निर्माण, चुनौती बन्यो एआई



काठमाडौँ । पछिल्लो समय गीतसङ्गीत निर्माणको क्रम निकै घटेको छ ।

कुनै समय बजारमा दैनिक ५ देखि ७ वटासम्म नयाँ गीत भित्रिनु सामान्य जस्तै मानिन्थ्यो । विशेषगरी डिजिटल प्लेटफर्म र युट्युबको लहरसँगै गीत तथा भिडियो निर्माणमा ठुलो बाढी नै आएको थियो । तर, हाल यो गति सुस्त देखिएको छ । अचेल बजारमा फाट्टफुट्ट मात्र नयाँ गीतहरू सार्वजनिक हुने गरेका छन्, जसलाई स्वयं संगीतकर्मीहरूले पनि स्वीकारेका छन् ।

केही वर्ष अघिसम्म कोरियोग्राफर तथा निर्देशक गम्भीर विष्टलाई म्युजिक भिडियो निर्देशनमा भ्याइनभ्याइ हुन्थ्यो । महिनामा ८ देखि १० वटासम्म भिडियो निर्देशन गर्ने विष्टको व्यस्तता अचेल निकै घटेको छ । अहिले उनी महिनामा मुस्किलले २ देखि ४ वटा मात्र भिडियो निर्देशन गर्छन् ।

गीतसंगीतको बजार खस्किनुमा लगानी अनुसारको प्रतिफल नहुनु मुख्य कारण रहेको विष्टको बुझाइ छ । 'युट्युबमा पहिले जस्तो अर्ग्यानिक भ्युज आउन छाडेको छ, बुस्ट नगरी भिडियो पुर्‍याउनै गाह्रो भइसक्यो,' विष्ट भन्छन्, 'अचेल गीत चल्नका लागि टिकटककै भर पर्नुपर्ने अवस्था छ । टिकटकमा भ्युज राम्रो गए पनि त्यसले युट्युबमा सोझै प्रतिफल दिँदैन ।' बजारमा देखिएको आर्थिक मन्दीका कारण पनि गीतसङ्गीत निर्माणमा कमी आएको विष्ट बताउँछन् । '५-७ लाख रुपैयाँको बजेटमा बन्ने भिडियोहरू अहिले २-३ लाखमा बनाउन खोजिन्छ । गीत निर्माणमा लगानी धेरै घटेको छ,' उनले थपे ।

गीत निर्माणको सङ्ख्या घटेको अनुभव सङ्गीतकार तथा एरेन्जर राकेश सोनीको पनि छ । कुनै समय महिनामा १५ देखि २० वटासम्म गीत एरेन्ज गर्ने सोनीको कामको चाप आधा घटेर ८-१० वटामा सीमित भएको छ । मेरो काम मात्र होइन, अहिले बजारमा समग्र रूपमै गीत सङ्गीत सिर्जनाको अनुपात घटेको छ,' सोनी भन्छन्, 'अडियो र भिडियो निर्माण निकै महँगो भएको छ, तर युट्युबबाट हुने आम्दानी घटेको छ । त्यसैले लगानीकर्ताहरू डराएका छन् ।' चल्तीका थोरै कलाकारहरूको मात्र गीत सङ्गीत सार्वजनिक भइरहेको उनको भनाइ छ । गीत र भिडियोको सङ्ख्यात्मक कमीलाई वितरक कम्पनीहरूले पनि नजिकबाट नियालिरहेका छन् । नेपालको अग्रणी डिजिटल प्लेटफर्ममध्येको एक ओएसआर डिजिटलका रूपेश खड्गीका अनुसार विगतको तुलनामा नयाँ गीतहरूको रिलिज सङ्ख्या करिब ४० प्रतिशतले घटेको छ । बजारको बदलिँदो स्वरूप र लगानीकर्तासँगको अविश्वासका कारण गीत सङ्गीत निर्माण घटेको खड्गी बताउँछन् । 'अहिले दर्शकहरूको ध्यान युट्युबबाट फेसबुक रिल्स, टिकटक र युट्युब शर्ट्सतिर मोडिएको छ । छोटो भिडियोमा भाइरल भए मात्र पूर्ण गीत सुन्न दर्शक युट्युबमा आउने ट्रेन्ड बसेको छ,' उनी थप्छन्, 'युट्युब आफैंले पनि विज्ञापन र रिचको नीति कडा बनाएको छ ।' युट्युबको आम्दानी घटेसँगै गीत निर्माणमा कमी आएको खड्गीको भनाइ छ ।

खड्गीका अनुसार नेपाली गीत संगीतमा हुने लगानीको ठुलो हिस्सा वैदेशिक रोजगारी वा विदेशमा बस्ने नेपाली गीतकार तथा स्रष्टाहरूको हुन्थ्यो । तर नेपालमा रहेका कतिपय प्रतिनिधिहरूले लगानीमा पारदर्शिता नराख्दा अहिले त्यो फन्डिङ रोकिएको छ । 'विदेशमा बस्ने गीतकार वा लगानीकर्ताहरूले नेपालमा विश्वास गरेर पैसा पठाउँथे, तर यहाँ भिडियो कति बजेटमा बन्यो भन्ने सही तथ्याङ्क दिइएन । कतिपय अवस्थामा त रकम दुरुपयोग मात्र भयो, गीत नै बनेनन्,' उनी थप्छन्, 'यसरी विश्वास गुमेपछि बाहिरबाट हुने लगानी लगभग ठप्पजस्तै भयो, जसले गर्दा बजारमा नयाँ कामहरू आउन निकै कम भएका छन् ।'

### एआई चुनौती ?

पछिल्लो समय नेपाली गीत सङ्गीत निर्माण घट्नुको अनेक कारणमध्ये एक आर्टिफिसियल इन्टेलिजेन्स (एआई) पनि हो । कतिपयले स्रष्टा तथा सर्जकको सिर्जना एआई प्रयोग गरेर सार्वजनिक गरिदिएका छन् । यसले गर्दा सर्जकको वास्तविक सिर्जनाको आम्दानी घट्दै गएको छ र लगानीकर्ताहरू लगानी गर्न डराइरहेका छन् ।

यही कुरा दोहोर्‍याउँछन् लोक गायक तथा सर्जक कस्तुप पन्त । बजार खस्किनुमा टिकटक जस्ता सामाजिक सञ्जालमा सिर्जना भएका अवरोधहरू त छँदै छन्, त्यसबाहेक प्रविधिको अनधिकृत प्रयोग पनि बढिरहेको उनी बताउँछन् । 'एआईको बढ्दो अनधिकृत प्रयोग र पाइरेसीले हाम्रा मौलिक कन्टेन्टहरू कपी गरेर सार्वजनिक गरिदिँदा सक्कली सिर्जनाहरू ओझेलमा परिरहेका छन्,' पन्त भन्छन्, 'भ्युज र दर्शकहरूको रुचि पनि एआई सिर्जनाहरूतिरै मोडिएको छ, जसले गर्दा मूल स्रष्टा र लगानीकर्ताहरू प्रत्यक्ष मारमा परेका छन् ।' सर्जकको बौद्धिक सम्पत्तिको दुरुपयोग भइरहँदा पनि यस प्रविधिलाई मर्यादित र व्यवस्थित बनाउन राज्यस्तरबाट कुनै ठोस नीति वा नियम आउन नसक्दा सर्जकहरू निराश भइरहेको उनको भनाइ छ ।

पन्त एआईको यस्तो प्रयोगलाई व्यवस्थित र मर्यादित बनाउन राज्यस्तरबाट कुनै ठोस नीति नआएकोमा चिन्ता व्यक्त गर्छन् । 'हामी स्रष्टाको अधिकारको कुरा त गर्छौं, तर सबैभन्दा बढी मारमा परेका लगानीकर्ता (प्रोड्युसर) को लगानी सुरक्षाबारे सोचेका छैनौं,' उनले थपे, 'प्रोड्युसर सुरक्षित नभएसम्म बजारमा नयाँ सिर्जनाहरू आउन सक्दैनन् ।'

प्रविधिको यो परिवर्तनलाई रेकर्डिङ स्टुडियो सञ्चालक तथा सङ्गीतकर्मी विपिन आचार्य भने अलि फरक कोणबाट हेर्छन् । उनी एआईलाई सङ्गीत निर्माणको शैली परिवर्तन गराउने एउटा बलियो माध्यम मान्छन् । आचार्यको अनुभवमा अहिले धेरैजसो सर्जक र गीतकारहरूले प्रारम्भिक ट्र्याक वा कम्पोजिसन एआईबाटै तयार पारेर परिमार्जनका लागि स्टुडियोमा पठाउने गरेका छन् । 'एआईले सङ्गीत र स्वरसहितको ट्र्याक सहजै बनाइदिने हुँदा गीतकारहरूलाई सजिलो भएको छ,' आचार्य भन्छन्, 'पहिले शब्द सिर्जना गरेपछि त्यसलाई रेकर्ड गराउन ठुलो खर्च र मिहिनेत गर्नुपर्थ्यो । अहिले एआईकै सहयोगमा सजिलै गीतको ढाँचा तयार हुने हुँदा व्यक्तिगत रूपमा ठुलो लगानी गरेर रेकर्डिङ गराउने क्रम अलि घटेको छ ।'

तर, यो सहजतासँगै एआईले सङ्गीत क्षेत्रमा एउटा गम्भीर प्रश्न पनि उब्जाइदिएको आचार्य बताउँछन् । 'हामीले दिनौं लगाएर गर्ने काम एआईले केही मिनेटमै गरिदिन्छ । चित्त बुझेन भने तुरुन्तै अर्को विकल्प दिन्छ । यसले गर्दा सङ्गीतको गहिरो ज्ञान वा मिहिनेतविना नै कोही पनि सजिलै एरेन्जर बन्न सक्ने अवस्था आएको छ,' उनी भन्छन्, 'यसले नेपाली सङ्गीतको मौलिकता र गुणस्तरमा कस्तो प्रभाव पार्ला भन्ने कुरा भविष्यमा प्रस्ट हुँदै जाला, तर यसले सिर्जनात्मक क्षेत्रमा नयाँ चुनौती भने अवश्य थपेको छ ।'

# जुलाई ५ मा तेस्रो बिहे गर्दैछन् आमिर खान

नयाँ दिल्ली । बलिउड अभिनेता आमिर खानले तेस्रो बिहे गर्न लागेका छन् । यहि जुलाई ५ मा आफ्नी प्रेमिका गौरी स्प्रैटसँग मुम्बईस्थित आफ्नै निवासमा निजी समारोहबिच विवाह गर्ने जानकारी उनले दिएका हुन् ।



मुम्बईमा आयोजित एक कार्यक्रममा सञ्चारकर्मीसँग कुरा गर्दै आमिरले विवाह अत्यन्तै निजी हुने बताए । उनका अनुसार समारोहमा दुवै परिवारका सदस्य तथा केही नजिकका साथीहरू मात्र सहभागी हुनेछन् । उनले सबैसँग शुभकामना र आशीर्वाद पनि मागे । पत्रकार सम्मेलनमा उनका छोरा जुनैद खान आमिरसँगै थिए ।

आमिरले सन् २०२५ मा आफ्नो ६०औं जन्मदिनका अवसरमा गौरीसँगको प्रेम सम्बन्ध सार्वजनिक गरेका थिए । गौरी बेङ्गलुरु निवासी सैलुन व्यवसायी तथा फेसन क्षेत्रमा आबद्ध व्यावसायिक व्यक्तित्व हुन् । गौरीको यसअघि नै बिहे भइसकेको छ । उनको सात वर्षका एक छोरा पनि छन् । आमिर र गौरीबिच एक अर्कालाई करिब २५ वर्षदेखि चिनजान रहेको बताइएको छ । लामो समयसम्म साथी रहेका उनीहरू पछिल्ला वर्षहरूमा प्रेम सम्बन्धमा रहेका थिए । सम्बन्ध सार्वजनिक गरेयता गौरी आमिरसँग विभिन्न सार्वजनिक कार्यक्रमहरूमा देखिँदै आएकी छन् । यसअघि दिएको एक अन्तर्वार्तामा आमिरले गौरी आफ्नो जीवनमा आएपछि आफूले शान्ति र पूर्णताको अनुभूति गरेको बताएका थिए ।

आमिरले यसअघि सन् १९८६ मा फिल्म निर्माता रीना दत्तासँग पहिलो विवाह गरेका थिए । उनीहरूका दुई सन्तान छन्- जुनैद र इरा खा । झन्डै १६ वर्षपछि सन् २००२ मा उनीहरूको सम्बन्ध विच्छेद भएका थियो ।

त्यसपछि आमिरले सन् २००५ मा फिल्म निर्देशक किरण रावसँग दोस्रो विवाह गरेका थिए । यो जोडीको एउटा छोरा छ । सन् २०२१ मा आमिर र किरणले आपसी सहमतिमा सम्बन्ध विच्छेद गरे । सम्बन्ध विच्छेदपछि पनि उनीहरूबिच मैत्रीपूर्ण सम्बन्ध कायम छ । दुवैले मिलेर छोरा हुर्काइरहेका छन् ।

# 'जेलर २' आगामी १५ अक्टोबरमा रिलिज हुने

काठमाडौँ । रजनीकान्त स्टारर फिल्म 'जेलर २'को प्रदर्शन मिति घोषणा गरिएको छ। निर्माण कम्पनी सन पिक्चर्सले सामाजिक सञ्जालमा एक टिजर सार्वजनिक गर्दै आगामी १५ अक्टोबरदेखि फिल्मको प्रदर्शन हुने घोषणा गरेको हो।



फिल्मले बक्स अफिसमा राम्रो व्यापार गर्ने निर्माण पक्षको अपेक्षा छ । भारतका साथै रजनीकान्तको राम्रो क्रेज रहेका अन्तर्राष्ट्रिय बजारहरूमा पनि फिल्म एकसाथ प्रदर्शन हुनेछ। फिल्मका निर्देशक नेल्सन दिलीपकुमार हुन्। उनले नै पहिलो शृङ्खला 'जेलर' को पनि निर्देशन गरेका थिए। फिल्ममा संगीत पुनः अनिरुद्ध रविचन्दरले नै दिएका छन्।

पहिलो 'जेलर' को कथा एक अवकाशप्राप्त जेलर मुथुवेल पाण्डियनको वरिपरि घुमेको थियो, जसले आफ्नो छोरामाथि खतरा आएपछि पुराना अन्डरवर्ल्ड सम्बन्धहरूको सहारा लिन्छ। एक्सन, डार्क कमेडी र स्टाइलिस प्रस्तुति गरिएको फिल्म सन् २०२३ को सफल फिल्महरूमध्ये एक हो।

फिल्ममा मिथुन चक्रवर्ती, विद्या बालन र ॠतिक रोशनको पनि महत्त्वपूर्ण भूमिकामा देखिनेछन्, यद्यपि उनीहरूको चरित्रबारे थप विवरण सार्वजनिक गर्न बाँकी छ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# अनुहारमा बरफ लगाउने ट्रेन्ड : के साँच्चै फाइदाजनक छ?



मेकअप बिना नै अनुहार फ्रेस र चम्किलो देखियोस् भन्ने सबैजना चाहन्छन्। त्यही भएर आजभोलि सामाजिक सञ्जालमा 'फेस आइसिङ' को ट्रेन्ड निकै भाइरल छ। यसमा अनुहारमा बरफ लगाउँदा केही मिनेटमै चमक आउने दाबी गरिएको छ। यसबाट अनुहारको सुन्निने समस्या कम हुने र छालाका प्वाल (पोर्स) कसिने पनि बताइन्छ।

यद्यपि, सबै ट्रेन्ड हरेक प्रकारको छालाका लागि सुरक्षित हुँदैनन्। लामो समयसम्म वा गलत तरिकाले बरफ लगाउँदा छालाको सुरक्षात्मक पत्र कमजोर हुन सक्छ। यसले गर्दा पोल्ने, रातो हुने र सेन्सिटिभिटी जस्ता समस्या पनि निम्तिन सक्छन्।

त्यसैले आज हामी 'फेस आइसिङ' को बारेमा कुरा गर्नेछौँ। साथै फेस आइसिङ गर्ने सही तरिका के हो? यसका फाइदाहरू के के हुन्? फेस आइसिङका जोखिमहरू के हुन्? भनेर जान्नेछौँ।

*अनुहारमा बरफ लगाउने ट्रेन्ड यति धेरै लोकप्रिय किन छ?*

यो सस्तो, सजिलो र तुरुन्तै असर देखाउने स्किनकेयर हो। बरफ लगाउँदा छालाका पोर्स कसिने र फ्रेस देखिन्छ। यसले 'इन्स्ट्यान्ट ग्लो' (तत्काल चमक) दिन्छ। यद्यपि, यसको असर अस्थायी हुन्छ।

तर, बरफ निकै चिसो हुने भएकाले यसलाई सीधै छालामा लगाउँदा यस्ता समस्या हुन्छन् :

- फ्रोस्ट-निप (चिसोले हुने ड्यामेज) हुन सक्छ।
- रातोपन आउन सक्छ।
- पोल्न सक्छ।
- स्किन ब्यारियरलाई नोक्सान पुग्न सक्छ।
- क्यापिलरिज (साना रक्तनली) मा दबाब पर्छ।
- यसले छालामा इरिटेसन (चिलाउने/पोल्ने) बढाउन सक्छ।

अनुहारमा बरफ लगाउनै परे सीधै लगाउनुको साटो कपडामा बेरेर लगाउनुहोस्। यसलाई लामो समयसम्म रगड्नबाट बच्नुहोस्।

***अनुहारमा बरफ लगाउँदा के फाइदा हुन्छ?***

यसले छालालाई तुरुन्तै फ्रेस लुक दिन्छ र केही अस्थायी छालाका समस्याहरूमा राहत दिन सक्छ। यसका फाइदाहरू तल दिइएका छन्-

- सुन्निने समस्या कम हुन्छ।
- छालालाई शीतलता मिल्छ।
- 'इन्स्ट्यान्ट ग्लो' आउँछ।
- पोर्स कसिन्छन्।
- डार्क सर्कल कम हुन्छन्।

***के 'आइस बाउल डिप' सुरक्षित छ?***

हो, 'आइस बाउल डिप' अर्थात् अनुहारलाई बरफ भएको पानीमा डुबाउने गर्दा चिसोपनका कारण अनुहार सुन्निएको कम हुन्छ र छाला फ्रेस देखिन थाल्छ। तर, धेरै चिसो पानी छालाका लागि हानिकारक हुन सक्छ।

विशेषगरी छाला सेन्सिटिभ र सुख्खा छ वा अनुहारमा डन्डीफोर छ भने यस्तो नगर्नुहोस्। यस्तो अवस्थामा-

- पानीमा धेरै बरफ नहाल्नुहोस्।
- अनुहार ५-१० सेकेन्डभन्दा बढी नडुबाउनुहोस्।
- १-२ पटकभन्दा बढी नदोहोऱ्याउनुहोस्।
- त्यसपछि मोइस्चराइजर अनिवार्य लगाउनुहोस्।

छालाको स्वास्थ्यसँग जोडिएको जानकारी सधैँ सम्बन्धित क्षेत्रका विशेषज्ञ अर्थात् डर्मेटोलोजिस्टबाट मात्र लिनुपर्छ। उनीहरू वैज्ञानिक बुझाइ, छालाको प्रकार र मेडिकल कन्डिसनको आधारमा सल्लाह दिन्छन्। उता, सेलिब्रिटी र इन्फ्लुएन्सरहरू प्रायः ट्रेन्ड र आफ्नो व्यक्तिगत अनुभवको आधारमा टिप्स दिन्छन्। यी टिप्सहरू हरेक प्रकारको छालाका लागि सुरक्षित वा प्रभावकारी नहुन पनि सक्छन्। त्यसैले कुनै पनि स्किनकेयर ट्रेन्ड अपनाउनुअघि यसको प्रामाणिकता र विशेषज्ञको सल्लाहलाई प्राथमिकता दिनु जरुरी छ।



***के घरमै 'आइस फेसियल' गर्नु सही हो?***

हो, यसले छाला अलि फ्रेस देखिन्छ। तर, सीधै छालामा बरफ लगाउनु वा लामो समयसम्म बरफ रगड्नु सही होइन। त्यसैले-

- बरफलाई सधैँ कपडा वा कपासमा बेरेर मात्र लगाउनुहोस्।
- फेस आइसिङ १-२ मिनेटभन्दा बढी नगर्नुहोस्।
- धेरै दबाब दिने वा रगड्ने काम नगर्नुहोस्।
- सेन्सिटिभ वा डन्डीफोर आउने छाला छ भने पहिले 'प्याच टेस्ट' गर्नुहोस्।

***के व्यायाम गरेपछि वा घामबाट आएपछि बरफ लगाउँदा राहत मिल्छ?***

हो, व्यायामपछि वा घाममा बस्दा छालामा ताप र रक्तसञ्चार बढ्छ। यसले गर्दा छाला रातो हुन सक्छ। यस्तो अवस्थामा 'कोल्ड कम्प्रेस' ले हल्का सुन्निएको कम गर्न मद्दत गर्छ। तर सीधै बरफ लगाउँदा क्यापिलरी ड्यामेज हुने जोखिम हुन्छ। त्यसैले-

- बरफ लगाउनुको साटो चिसो पानीले अनुहार धुनुहोस्।
- कपडामा बेरेर चिसो कम्प्रेस प्रयोग गर्नुहोस्।
- घाममा बसेर आएपछि एलोभेरा वा सुदिङ जेल लगाउनुहोस्।

***कस्ता मानिसले अनुहारमा बरफ लगाउनु हुँदैन?***

हरेक प्रकारको छालाका लागि बरफ लगाउनु सुरक्षित हुँदैन। बरफले केही मानिसको छाला ड्यामेज गर्न सक्छ। निम्न मानिसहरूले अनुहारमा बरफ लगाउनु हुँदैन-

- जसको छाला सेन्सिटिभ छ।
- जसलाई चिसोबाट एलर्जी हुन्छ।
- जसलाई स्किन इन्फेक्सन छ।
- नसा सम्बन्धी सेन्सिटिभिटीको समस्या भएकाहरू।
- छालाको उपचार (लेजर / पिल) गराएकाहरू।

***छालाको प्रकार अनुसार बरफको असर फरक-फरक हुन्छ। यसलाई यसरी बुझौं-***

***चिल्लो छाला :*** चिसोले गर्दा छालाका पोर्स अलिकति कसिन्छन् र सुन्निएको कम देखिन्छ। त्यसैले यसले अस्थायी रूपमा राम्रो प्रभाव दिन्छ।

***सुख्खा छाला :*** बरफले छालाको चिस्यान कम गर्छ। यसले गर्दा सुख्खापन, तन्किने र छालाको पत्र निस्कने (फ्लेकिङ) समस्या बढ्न सक्छ।

***सेन्सिटिभ छाला :*** सीधै बरफ लगाउँदा रातो हुने, पोल्ने र इरिटेसन हुन सक्छ।

***डन्डीफोर आउने छाला :*** सुन्निएको अलिकति कम हुन सक्छ, तर धेरै चिसोले स्किन ब्यारियर ड्यामेज हुन सक्छ। यसले पिम्पल्स बढाउन सक्छ।

यसैगरी, मौसम अनुसार बरफको असर परिवर्तन हुन्छ। गर्मीमा ताप र पसिनाका कारण छाला तातो र पफी (सुन्निएको) हुन्छ। यस्तो अवस्थामा हल्का चिसोपन दिँदा कुलिङ, फ्रेसनेस र रातोपनमा अस्थायी राहत मिल्छ। त्यस्तै, जाडोमा छाला पहिले नै सुख्खा र सेन्सिटिभ हुन्छ। यस्तो अवस्थामा बरफ लगाउँदा सुख्खापन, छाला तन्किने र इरिटेसन बढ्न सक्छ। स्किन ब्यारियर पनि चाँडै ड्यामेज हुन सक्छ।

केही छालासम्बन्धी समस्याहरूमा अनुहारमा बरफ लगाउनु हानिकारक हुन सक्छ। जस्तै-

- रोसासिया
- रेनोड्स डिजिज
- एक्जिमा
- डर्माटाइटिस
- नसा सम्बन्धी समस्या (नम्बनेस / सेन्सिटिभिटी)
- डन्डीफोर

अनुहारमा बरफ लगाउँदा छालामा नकारात्मक प्रतिक्रिया देखिएमा तुरुन्तै रोक्न जरुरी छ। यस्ता लक्षण इरिटेसन, एलर्जी वा छाला ड्यामेजको संकेत हुन सक्छन्। ती संकेतहरू यस प्रकार छन्

अत्यधिक पोल्ने वा बिझेको महसुस हुने
अचानक धेरै रातो हुने
चिलाउने वा ऱ्यासेज आउने
छाला सुन्न हुने
सुन्निने
गिर्खा आउने
छाला ताछिने
ड्राई प्याच बन्ने
छाला सेतो वा नीलो पर्ने

अनुहारमा बरफ लगाउने विषयमा सोधिने साझा प्रश्न-उत्तरः

के बरफ लगाउँदा अनुहारमा चमक (ग्लो) आउँछ?

हो, तर यो चमक अस्थायी हुन्छ। बरफ लगाउँदा चिसोपनका कारण छालाका रक्तनलीहरू खुम्चिन्छन्। यसले सुन्निएको कम देखिन्छ, पोर्स कसिएको जस्तो लाग्छ र अनुहार अलि चम्किलो र फ्रेस देखिन्छ।

***के बरफ लगाउँदा अनुहार गोरो हुन्छ?***

हुँदैन, बरफ लगाउँदा अनुहार गोरो हुँदैन। छालाको वास्तविक रङ मेलानिनले निर्धारण गर्छ। यसलाई बरफले बदल्न सक्दैन।

***के बरफ लगाउँदा छालाका पोर्स साना हुन्छन्?***

हुँदैन, बरफले पोर्सलाई स्थायी रूपमा सानो बनाउँदैन। बरफ लगाउँदा चिसोपनका कारण छालाको सतह कसिएको महसुस हुन्छ र पोर्स केही समयका लागि साना देखिन थाल्छन्। तर पोर्सको वास्तविक आकार जेनेटिक्स, आयल प्रोडक्सन र छालाको प्रकारले निर्धारण गर्छ। यसलाई बरफले परिवर्तन गर्न सक्दैन।

***के डार्क सर्कलमा बरफले काम गर्छ?***

आँखाको तल सुन्निने समस्या छ भने चिसोपन दिँदा रक्तनलीहरू खुम्चिन्छन् र सुन्निएको कम देखिन थाल्छ। यसले डार्क सर्कल हल्का बनाउँछ।

यदि डार्क सर्कलको कारण पिग्मेन्टेसन, जेनेटिक्स, निद्राको कमी वा पातलो छाला हो भने बरफले खासै फरक पार्दैन। ध्यान राख्नुहोस्, आँखाको तल्लो भाग निकै सेन्सिटिभ हुन्छ। त्यसैले दबाब नदिनुहोस्।

के अनुहारमा मेकअप गर्नुअघि बरफ लगाउनु सही हो?

हो, मेकअप गर्नुअघि हल्का चिसोपन दिँदा सुन्निएको कम हुन्छ। छाला अलिकति कसिलो र नरम महसुस हुन्छ। यसले मेकअपको बेस राम्रो देखिन थाल्छ।

तर, ध्यान राख्नुहोस्- त्यसपछि मोइस्चराइजर र प्राइमर अनिवार्य लगाउनुहोस्। सेन्सिटिभ छाला छ भने यसो नगर्नुहोस्।

***के बरफ लगाउँदा छाला पातलो वा कमजोर हुन सक्छ?***

बरफले छाला पातलो हुँदैन, तर अत्यधिक प्रयोग वा गलत तरिकाले प्रयोग गर्दा स्किन ब्यारियर ड्यामेज हुन सक्छ। यसले छालालाई अझ बढी सेन्सिटिभ र कमजोर बनाउन सक्छ।

***के बरफ लगाउँदा चाउरीपन कम हुन्छ?***

हुँदैन, यसले फाइन लाइन्स केही समयका लागि कम देखिन थाल्छन्, तर यो अस्थायी प्रभाव मात्र हो। चाउरीपन वास्तवमा कोलाजेनको कमी, उमेर बढ्ने प्रक्रिया र घामको ड्यामेजका कारण बन्छ। यसलाई बरफले निको पार्न सक्दैन।

दैनिक भास्कर

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# १४ महिनादेखि प्रमुख निर्वाचन आयुक्त पद रिक्त



दैनिक समाचारदाता

काठमाडौं १९असार । सरकारले १४ महिनादेखि रिक्त रहेको प्रमुख निर्वाचन आयुक्तको पदमा नियुक्तिको प्रक्रिया अघि बढाउने तयारी गरेको छ। शुक्रबार बस्ने संवैधानिक परिषद् बैठकले प्रमुख निर्वाचन आयुक्तसहित विभिन्न संवैधानिक निकायमा पदाधिकारी नियुक्तिका लागि सिफारिस गर्ने विषयमा छलफल तथा आवश्यक निर्णय गर्ने भएको छ।

प्रमुख प्रतिपक्षी दलका नेता भीष्मराज आङदेम्बेका अनुसार परिषद् बैठकमा विभिन्न संवैधानिक निकायका रिक्त पदमा नियुक्तिसम्बन्धी प्रस्तावमाथि छलफल हुनेछ। सोही क्रममा निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त तथा एक आयुक्त नियुक्तिका लागि पनि सिफारिस गर्ने तयारी गरिएको छ।

निर्वाचन आयोग १४ महिनादेखि प्रमुख निर्वाचन आयुक्तविहीन अवस्थामा सञ्चालन हुँदै आएको छ। तत्कालीन प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले ६ वर्षे कार्यकाल पूरा गरी २०८२ साल वैशाख ५ गते अवकाश पाएपछि आयोग कार्यवाहक नेतृत्वमा सञ्चालन भइरहेको थियो। थपलियाको अवकाशपछि वरिष्ठ आयुक्त रामप्रसाद भण्डारीले कार्यवाहक प्रमुख निर्वाचन आयुक्तको जिम्मेवारी सम्हाल्दै आएका छन्। यसअघि आयोगका आयुक्त ईश्वर पौडेल २०७९ साल फागुनमा अवकाश पाए पनि उक्त पदमा हालसम्म नयाँ नियुक्ति हुन सकेको छैन।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीकै नेतृत्वमा आयोगले गत फागुन २१ गते सम्पन्न भएको निर्वाचन सफलतापूर्वक सञ्चालन गरेको थियो। यद्यपि, लामो समयसम्म नेतृत्व रिक्त रहँदा आयोगको संस्थागत क्षमता र दीर्घकालीन निर्णय प्रक्रियामा असर परेको टिप्पणी हुँदै आएको छ।

नेपालको संविधानअनुसार निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्तसहित बढीमा पाँच जना आयुक्त रहने व्यवस्था छ। हाल आयोगमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी तथा आयुक्त जानकी तुलाधर र सगुन शम्शेर राणा गरी तीन जना पदाधिकारी मात्र कार्यरत छन्। प्रमुख निर्वाचन आयुक्त र एक आयुक्तको पद लामो समयदेखि रिक्त रहेको छ।

निर्वाचन आयोगमा पाँच जना आयुक्त आवश्यक छ वा तीन जना भए पनि पर्याप्त हुन्छ भन्ने विषयमा समय-समयमा बहस हुँदै आएको छ। छिमेकी भारतमा प्रमुख निर्वाचन आयुक्तसहित तीन सदस्यीय आयोगबाटै निर्वाचन सञ्चालन हुँदै आएको उदाहरण दिँदै नेपालमा पनि आयोगको संरचनाबारे पुनर्विचार हुनुपर्ने मत व्यक्त हुने गरेको छ। तर विगतका सरकारले भने संवैधानिक व्यवस्थाअनुसार पाँच सदस्यीय संरचना कायम राख्ने अभ्यास गर्दै आएका छन्।

सरकारले प्रमुख निर्वाचन आयुक्त र नयाँ आयुक्त नियुक्तिको प्रक्रिया अघि बढाउन लागेकाले लामो समयदेखि नेतृत्वविहीन बनेको निर्वाचन आयोगले अब पूर्ण नेतृत्व पाउने अपेक्षा गरिएको छ। आयोगको नेतृत्व पूर्ण भएपछि आगामी निर्वाचनको तयारी, मतदाता नामावली व्यवस्थापन, निर्वाचनसम्बन्धी कानुनी तथा नीतिगत सुधारका काममा थप गति लिने विश्वास गरिएको छ।

# विद्यालय भवनमा भ्रष्टाचार आरोप

दैनिक समाचारदाता

रौतहट, १९ असार। रौतहटको राजपुर नगरपालिकामा विद्यालय भवन निर्माणको क्रममा लागत अनुमानभन्दा बढी रकम भुक्तानी गरी सरकारी रकम हिनामिना गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चार जनाविरुद्ध विशेष अदालत, काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

आयोगले तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत बैजु ठाकुर, नगरपालिकाका इन्जिनियर मोहम्मद शाह फैसल, जनता नमुना माध्यमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक विजयकान्त मिश्र तथा विद्यालयका लेखापाल शेख जहिरविरुद्ध जनही ११ लाख १० हजार ११४ रुपैयाँ बिगो मागदाबी गर्दै मुद्दा दायर गरेको जनाएको छ।

अख्तियारका अनुसार राजपुर नगरपालिका-५ स्थित जनता नमुना माध्यमिक विद्यालयमा निर्माण गरिएको आठ कोठे प्रि-स्कुल ब्लक भवनको लागत अनुमान कृत्रिम रूपमा बढाएर अनियमितता गरिएको थियो।

आयोगको अनुसन्धानबाट प्रारम्भिक रूपमा ९७ लाख ३७ हजार ९९४ रुपैयाँ लागत अनुमान गरिएको उक्त भवनको लागत निर्माण समितिले संशोधन गरी १ करोड ५ लाख ७७ हजार ५९६ रुपैयाँ कायम गरेको पाइएको छ। त्यसपछि वास्तविक लागतभन्दा ११ लाख १० हजार ११४ रुपैयाँ बढी देखाई सोही बराबरको बिल तयार गरी सरकारी कोषबाट भुक्तानी लिएको आरोप लगाइएको छ।

आरोपपत्रमा संलग्न व्यक्तिहरूको मिलेमतोमा लागत अनुमान बढाई वास्तविकभन्दा बढी रकम निकासा गरिएको उल्लेख गरिएको छ। यसरी राज्यकोषलाई नोक्सानी पुर्‍याएको निष्कर्षसहित आयोगले उनीहरूविरुद्ध भ्रष्टाचार निवारण ऐनअनुसार कारबाहीको माग गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको हो।

अख्तियारले सार्वजनिक निर्माणका योजनामा हुने अनियमितता नियन्त्रण गर्न यस्ता घटनामाथि अनुसन्धान र कानुनी कारबाहीलाई निरन्तरता दिइने जनाएको छ।

## जनसंख्या......

प्रक्रियाको जटिलताका कारण तीन वर्षदेखि आवश्यक औषधि खरिद गर्न नसकिएको जानकारी दिए। उनका अनुसार कानुनी प्रक्रिया अत्यन्तै झन्झटिलो भएकाले समयमै खरिद प्रक्रिया सम्पन्न हुन नसकेको हो।

उनले पछिल्ला केही वर्षमा मधेश प्रदेशले स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधारका प्रयास गरेको, नयाँ कार्यक्रम सञ्चालन गरेको तथा सेवा विस्तारमा केही उपलब्धि हासिल गरेको बताए। तर ती प्रयास मात्र पर्याप्त नभएको उल्लेख गर्दै आगामी दिनमा थप सुधार, प्रभावकारी व्यवस्थापन र दीर्घकालीन योजनाको आवश्यकता रहेको धारणा व्यक्त गरे।

मानसिक स्वास्थ्यको विषयलाई विशेष रूपमा उठाउँदै डा. यादवले आत्महत्याको बढ्दो घटनाप्रति चिन्ता व्यक्त गरे। उनका अनुसार कोरोना महामारीका तीन वर्षमा करिब ११ हजार व्यक्तिको मृत्यु भएको थियो भने हाल नेपालमा प्रत्येक वर्ष करिब १० हजार व्यक्तिले आत्महत्या गर्ने तथ्यांक सार्वजनिक भएको छ। उनले मानसिक स्वास्थ्यलाई अब प्राथमिकतामा राखेर व्यापक जनचेतना, परामर्श सेवा र रोकथामका कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याए।

कार्यक्रममा पत्रकार अनिल कर्ण, चिकित्सक उमेश यादवलगायतले मधेश प्रदेशको स्वास्थ्य अवस्थासम्बन्धी तथ्यांक, चुनौती र सम्भावनाबारे डिजिटल प्रस्तुति दिएका थिए। उनीहरूले स्वास्थ्य सेवाको गुणस्तर सुधार, सूचना प्रवाह, जनचेतना अभिवृद्धि तथा सञ्चारमाध्यमको भूमिकाका विषयमा विभिन्न सुझाव प्रस्तुत गरेका थिए।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजेश कुमार कर्ण, महासंघका सचिव राजकमल सिंह, धनुषा शाखाका अध्यक्ष पुरन साहलगायत सञ्चारकर्मी तथा सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो। सहभागीहरूले स्वास्थ्य क्षेत्रमा पारदर्शिता, प्रभावकारी सेवा प्रवाह, जनउत्तरदायित्व तथा सञ्चारमाध्यमसँगको समन्वयलाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिएका थिए।

## मापदण्ड........

मन्त्री महतोले उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध राख्ने होटल तथा रेष्टुरेन्टहरूले खाद्य सुरक्षा र स्वच्छतासम्बन्धी सबै कानुनी मापदण्ड अनिवार्य रूपमा पालना गर्नुपर्नेमा जोड दिए। उनले नियम उल्लंघन गर्ने व्यवसायीलाई कुनै पनि हालतमा छुट नदिइने स्पष्ट पार्दै आगामी दिनमा पनि यस्ता अनुगमनलाई अझ प्रभावकारी र नियमित बनाइने बताए।

उनले उपभोक्ताको स्वास्थ्य सुरक्षा, खाद्य सेवाको गुणस्तर अभिवृद्धि तथा बजारलाई जिम्मेवार र व्यवस्थित बनाउन प्रदेश सरकारले निरन्तर अनुगमन अभियान सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे।

# अस्वच्छ होटललाई ४० हजार जरिवाना




दैनिक समाचारदाता

जनकपुरधाम, १९ असार । मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री फकिरा महतोको नेतृत्वमा शुक्रबार जनकपुरधामका होटल तथा रेष्टुरेन्टमा गरिएको अनुगमनका क्रममा खाद्य स्वच्छता तथा सरसफाइसम्बन्धी मापदण्ड उल्लंघन गरेको पाइएपछि भानु चोकस्थित राजु होटल लाई ४० हजार रुपैयाँ जरिवाना गरिएको छ। अनुगमन टोलीले होटलमा अत्यधिक फोहोर रहेको, सरसफाइका न्यूनतम मापदण्डसमेत पालना नगरेको तथा सर्वसाधारणको स्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी अस्वस्थकर खाना बिक्री गरेको भेटिएपछि जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण गैह्रेले तत्काल ४० हजार रुपैयाँ जरिवाना गरेका हुन्।

त्यसैगरी, जनकपुरधामस्थित सीतासरण होटल मा गरिएको निरीक्षणका क्रममा म्याद गुज्रिएका तथा उपभोगका लागि अयोग्य खाद्य सामग्री फेला परेको थियो। अनुगमन टोलीको उपस्थितिमै ती अखाद्य सामग्री नष्ट गरिएको जनाइएको छ।

अनुगमनपछि सञ्चारकर्मीसँग कुरा गर्दै मन्त्री महतोले नागरिकको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित विषयमा कुनै पनि प्रकारको सम्झौता नगर्ने स्पष्ट पारे। उनले उपभोक्तालाई स्वच्छ, गुणस्तरीय र सुरक्षित खाद्य सामग्री उपलब्ध गराउनु प्रत्येक होटल तथा रेष्टुरेन्ट सञ्चालकको कानुनी तथा नैतिक दायित्व भएको बताए।


उनले खाद्य स्वच्छता तथा उपभोक्ता हितसम्बन्धी मापदण्ड उल्लंघन गर्ने व्यवसायीलाई कानुनबमोजिम कडा कारबाही गरिने चेतावनी दिँदै अनुगमनलाई अझ प्रभावकारी बनाइने जानकारी दिए।

मन्त्री महतोले अनुगमन कुनै एकदिने कार्यक्रम नभई नियमित अभियान भएको उल्लेख गर्दै सबै होटल तथा रेष्टुरेन्ट व्यवसायीलाई सरसफाइ कायम राख्न, खाद्य वस्तुको गुणस्तर सुनिश्चित गर्न र उपभोक्ताप्रति जिम्मेवार बन्न आग्रह गरे।

जिल्ला प्रशासन कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, स्थानीय प्रशासन तथा सुरक्षा निकायको संयुक्त टोलीले जनकपुरधामका विभिन्न होटल तथा रेष्टुरेन्टमा नियमित अनुगमनलाई निरन्तरता दिइने जनाएको छ। अनुगमनको उद्देश्य उपभोक्ताको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्नुका साथै बजारमा गुणस्तरीय खाद्य सेवा प्रवाह गराउनु रहेको सम्बन्धित निकायले बताएका छन्।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४